मनाङ डिस्याङ गाउँपालिकाका उपाध्यक्ष श्री छिरिङ गुरुङ ज्यूद्वारा मिति २०८१/०३/१० गते गाउँसभामा प्रस्तुत मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक आय व्यय विवरण

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,
नि. प्रमुख प्रशासकीय अधिकृतज्यू,
वडाध्यक्षज्यूहरु,
कार्यपालिका सदस्यज्यूहरु,
गाउँसभाका सदस्यज्यूहरु,
कर्मचारी मित्रहरु,
उपस्थित सम्पूर्ण महानुभावज्यूहरु,
गा.पा.का सम्पूर्ण कर्मचारीहरु

सर्बप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि योगदान दिनु हुने महानुभावहरु प्रति उच्च सम्मान साथै प्राण आहुती दिने सम्पूर्ण शहिदहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

सभाध्यक्ष महोदय,

विगत आ.व.हरुदेखि नै विश्वव्यापी रुपमा देखा परेको आर्थिक मन्दी  कारण हाम्रो मुलुकमा समेत त्यसको प्रभाव परी यस गाउँपालिका पनि अछुतो रहन नसकेको अर्थतन्त्र संकुचन भई केही क्षेत्रमा बजेट कटौती भएको र सोचे जस्तो सबै क्षेत्रका कार्यक्रम संचालन गर्न नसकिएको व्यहोरा अबगत गराउन चाहान्छु। यस किसिमको आर्थिक संकट आगामी आर्थिक बर्षमा पनि पर्ने संभावना रहेकोले विवेकशील भएर हाम्रा प्राथमिकताका योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्नु पर्ने अवस्था सिर्जना भएकोमा सबैको एक्यबद्धता र सहयोगको अपेक्षा गर्दछु ।

यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्य, नेपाल सरकार तथा प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारका अन्य कानूनहरु, स्थानीय सरकार संचालन ऐन, २०७४, मनाङ ङिस्याङ गाउँपालिकाको नीति तथा कार्यक्रम र कार्यपालिकाका सदस्यहरुबाट विभिन्न समयमा प्रदान गर्नु भएका सुझावहरु र राजनीतिक दल एवं सरोकारवालाहरुको राय सुझाव समेतलाई शिरोधार्य गरी बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाको बृहत्तर हितलाई सर्वोपरी ठानी उपलब्ध सीमित स्रोत र साधनको अधिकतम् उपयोग गरी यस मनाङ ङिस्याङ गाउँपालिकाको सर्वाङ्गीण र सन्तुलित विकास गर्ने मूल उद्देश्यकासाथ सर्वपक्षीय सहभागितामा तयार गरिएको यस गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

- स्वास्थ्य क्षेत्रमा देखापर्ने संक्रमण र संकटलाई प्रभावकारी व्यवस्थापन गर्नु ।
- विपद जोखिम क्षेत्रमा प्राथमिकताका साथ व्यवस्थापन गर्नु ।
- प्रभावित अर्थतन्त्रलाई चलायमान बनाई रोजगारी सिर्जना गर्नु ।
- उपलब्ध स्रोतसाधनको अधिकतम् उपयोग गर्नु ।
- प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्नु ।
- पर्यटन,आर्थिक र भौतिक पूर्वाधारको विकासमा प्राथमिकता दिनु ।

- कृषि तथा पशुपालन व्यवसायलाई व्यावसायीकरण, अनधुनिकीकरण, यान्त्रिकरण साथै नागरिकको आर्थिक समुद्धिसँग जोड्ने कुरामा प्राथमिकता दिइने
।

सभाध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु ।

**स्वास्थ्य क्षेत्रमा देखापर्ने संक्रमण र संकटलाई प्रभावकारी व्यवस्थापन गर्नु ।**

- स्वास्थ्य क्षेत्रमा देखा पर्ने संक्रमणहरुलाई रोकथाम र नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको सुनिश्चितता गर्दै जनस्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाउन अबलम्वन गरिएका पूर्ववत स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइएकोछ ।
- हुम्डे अस्पतालका लागि ५ शैयाको अस्पताल शुरुवातका लागि आवश्यक प्रकृया अगाडी बढाइने छ ।
- तिलिचो वेश क्यापमा सञ्चालनमा रहेको Basic Health Center /बाट यस क्षेत्रमा आउने पर्यटकहरु लाभान्वित भएको र आगामी दिनहरुमा सेवा प्रवाहलाई थप प्रभावकारी र गुणस्तरीय बनाउदै लैजानु पर्ने आवश्यकता महशुस गरी सुविधा सम्पन्न बनाउन औषधी र अन्य उपकरणमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।
- स्वास्थ्य सेवा लाई प्रभावकारी बनाउन रु. ७८ लाख १० हजार विनियोजन गरेको छु ।
- विपन्न नागरिक उपचार सहुलियत कार्यक्रमलाई निरन्तरता दिएको छु ।

- जेष्ठ नागरिक र गर्भवती महिलाहरुको स्वास्थ्य उपचारलाई थप प्रभावकारी बनाउन यस आ.व.मा थप बजेटको विनियोजन गरेको छु ।

**विपद् जोखिम व्यवस्थापन, राहत र पुर्नस्थापना**

- विपद् जोखिम व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य, राहत र पुर्नस्थापनाको लागि कानूनी तथा नीतिगत व्यवस्था गरिने छ ।
- विपद् जाखिम व्यवस्थापनका लागि स्थापना गरिएको कोष संचालनका लागि मापदण्ड बनाईनेछ ।
- विपद्का घटना  हुन सक्ने पालिका भित्रका संभावित जोखिम क्षेत्रहरुको पहिचान गरी तथ्यांक संकलन गर्ने ।
- खुला स्थानहरुको पहिचान गरी आवश्यक पूर्वाधार तयार गरिने छ ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रु ५० लाख रुपौंया  रकम विनियोजन गरेको छु ।
- विपद जोखिम व्यवथापनका लागि उच्च प्राथमिकताका सबै तयारी गरिनेछ ।
- वातावरण तथा विपद व्यवस्थापन तर्फ रु ९९ लाख विनियोजन गरेको छु ।
- वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनका लागि सिसा र प्लाष्टिकजन्य पदार्थलाई धुलो पार्ने मेशिन खरिद भएको र यसलाई संचालन तथा व्यवस्थापन गर्न २५ लाख विनियोजन गरेको छु ।

**रोजगारी सृजना तथा गरिबी  निवारण**

- आगामी आ.व. ०८१/०८२ मा गाउँपालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- गत आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरु मध्ये २४८ जना सूचिकृत भएकोमा १०२ जना रोजगारमा आबद्ध भएकाले औसतमा ८० दिनको रोजगारी प्राप्त गरेका र आगामी आ.व.का लागि २६५ जना सूचिकृत भएका छन् र सूचिकृत वेरोजगारीहरुलाई शतप्रतिशत रोजगारी उपलब्ध गराउने लक्ष्य राखिएको छ ।
- उद्यमशिलता अभिवृद्धि तथा दिगो रोजगार प्रवर्द्धनका लागि लघु उद्यमी पहिचान गरी गाउँपालिका भित्रका लघु उद्यमी पहिचान गरी तालिम संचालन गरिनेछ ।
- नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा रहेको गरिब घर पहिचान कार्यक्रम अन्तर्गत मापदण्ड बमोजिम गरिब घर पहिचान गरी परिचयपत्र प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## भौतिक पूर्वाधार विकास तथा पर्यटन प्रर्वद्धन

- दिगो, नतिजामुलक तथा गुणस्तरीय पुर्वाधार विकासका लागि क्रमागत तथा ठुला योजनामा लगानीलाई प्राथमिकता दिने गाउँपालिकाको नीति बमोजिम चालु अवस्थामा रहेका सवै क्रमागत योजनाका लागि वजेट विनियोजन गरेको छु । भौतिक पुर्वाधार विकास शिर्षकमा कुल रु ४ करोड २९ लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्रको भौतिक पुर्वाधार विकासमा दिगोपना कायम गर्नका लागि सम्भाव्यता अध्यन, गुरुयोजना र विस्तृत आयोजनाप्रति प्रतिवेदन तयार गरिएका आयोजनाका लागि प्रदेश र संघीय सरकारसँग वजेट प्रस्ताव गरिने छ ।
- गाउँपालिकाको आफ्नो प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रवाह सुरुवात भएको र सभाहलको निर्माण कार्य अन्तिम चरणमा रहेको र तिव्र रुपमा कार्य भईरहेको हुँदा साथै अन्य पुर्वाधार निर्माणको लागि पहल गरिएको हुँदा

आगामी बर्षदेखि  सेवा प्रवाह  थप सहज हुने व्यहोरा अवगत गराउन चाहान्छु ।

- यस गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको पर्यटन क्षेत्रको दिगो विकासका लागि विशेष कार्यक्रम अगाडी सारिएको छ। पर्यटकीय पदमार्गको मर्मत,सुधार र स्तरोन्ती, पर्यटन पदमार्गमा पुर्वाधारको विकास, पर्यटन प्रवर्धन कार्यक्रम लगायतका कार्यका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिएको छ । पर्यटकीय क्षेत्रहरुको पहिचान, परिचय तथा प्रसार गराई पर्यटकको संख्यामा वृद्धि गर्नका लागि गाउँपालिकास्तरीय डकुमेन्ट्री निर्माण गर्ने कार्य गत आ.व. मा सम्पन्न भईसकेको र आगामी आ.व. मा थप प्रभावकारी र आर्कषक पारिने छ ।
- वैकल्पिक पदमार्ग निर्माण कार्यका लागि निरन्तरता दिदै आगामी आ.व.का लागि रु ४० लाख बजेट विनियोजन गरेको छु।
- संस्कृति संरक्षणका लागि राजा महेन्द्रको शालिक निर्माणको लागि रु ५ लाख रुपैंया बजेट विनियोजन  गरेको छु।
- संस्कृति संरक्षण तर्फ विभिन्न कार्यक्रम तथा योजनाका लागि कुल रु २५ लाख विनियोजन गरेको छु।
- पर्यटन क्षेत्रको विकासको लागि रु ६५ लाख विनियोजन गरेको छु।

**शिक्षा तथा खेलकुद क्षेत्रको विकास र प्रर्वद्धन**

- शिक्षा क्षेत्रलाई थप व्यवस्थित गर्न पालिकास्तरीय शिक्षा ऐन निर्माण गरिने छ ।
- शिक्षा क्षेत्रमा गुणस्तर वृद्धि गर्न स्थानीय पाठयक्रम तयार भई सकेको र आगामी आ.व.मा छपाई गरी पठनपाठनमा लगिने छ।

- विद्यालयहरुको मर्मत सम्भार, तेस्रो उपाध्यक्ष कप मेथा प्रतियोगिता, शैक्षिक तथा खेलकुद सामाग्री खरिद, दिवा खाजा, स्थानीय पाठ्यपुस्तक छपाई, विद्यालयमा कार्यरत बालविकास सहजकर्ताहरुलाई तालिम, जस्ता विभिन्न शिर्षकका लागि रकम विनियोजन गरेको छु ।
- शिक्षा तथा खेलकुद क्षेत्रको विकासका लागि नेपाल सरकारले वित्तिय हस्तान्तरणका लागि विनियोजन रकमका अतिरिक्त थप बजेट रु ३६ लाख ७० हजार विनियोजन गरेको छु ।
- विपन्न तथा दलित उत्थान कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग सम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।
- महिला सशक्तिकरण तालिम, नेतृत्व तथा क्षमता विकास तालिमका लागि बजेट विनियोजन गरेको छु ।

.

## कृषि तथा सहकारी क्षेत्रको विकास

- कृषिलाई यस गाउँपालिकाको वैकल्पिक पेशा, रोजगारी तथा व्यवसायको रुपमा विकास गर्नका लागि विशेष कार्यक्रमहरु अगाडी सारिएको छ ।
- कृषिमा व्यवसायीकरण,आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्ने प्रयास स्वरुप आवश्यक पर्ने वजेट व्यवस्था गरिएको छ । यान्त्रिकीकरणका लागि आवश्यक उपकरणहरु अनुदानमा उपलब्ध गराईने छ ।
- मागको आधारमा कृषकहरुलाई बिउबिजन वितरण,,बाली संरक्षण सामग्री, , कृषि सामग्री, स्थानीय जातको स्याउका विरुवा वितरण, आकस्मिक बाली

संरक्षण सेवाका लागि जस्ता विभिन्न अनुदानमुलक कार्यक्रमको लागि आवश्यक पर्ने वजेट व्यवस्था गरेको छु ।

- कृषियोग्य भुमिको विकास , नर्सरी स्थापना, कृषकहरुलाई कृषि तालिम,खेतीवाली संरक्षणका लागि तारजालीको लागि आवश्यक पर्ने वजेट व्यवस्था गरेको छु ।
- गर्भवती महिलालाई लक्षित गरी सुनौलो हजार दिन कार्यक्रमको शुरुवात गरी बजेट विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको विकासको लागि रु ३८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**पशु सेवा तर्फ**

- पशुहरुको उत्पादनमा बृद्धि तथा संरक्षणका लागि औषधी खरिद, जौ घाँस तथा क्लोभर घाँस वितरण, पशु स्वास्थ्य घुम्ती शिविर संचालन, पशुबाट मानिसमा लाग्ने रोग सम्बन्धी जनचेतना कार्यक्रम तथा हिउँ चितुवा संरक्षण जस्ता कार्यक्रमहरुका लागि कुल रु २४ लाख विनियोजन गरेको छु ।

**सुशासन तथा प्रभावकारी सार्वजनिक सेवा**

- गाउँपालिकाको शासकीय सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । गाउँपालिकाका लागि अत्यावश्यक उपकरण खरिद, मर्मत, गाउँ कार्यपालिकाका जनप्रतिनिधिको लागि क्षमता विकास गर्ने उद्देश्यले कम्प्युटर तालिमको लागि वजेट विनियोजन गरेको छु । सूचना प्रविधि तथा सफ्टवयर खरिदका लागि बजेट व्यवस्था गरेको छु ।
- विगतका बर्षहरुमा जस्तै गाउँपालिका तथा मातहतका वडा कार्यालयको संस्थागत सुढुढीकरणका लागि आवश्यक वजेटको विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

सभाध्यक्ष महोदय,

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट स्रोत अनुमान तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्नू चाहान्छु ।

सभाध्यक्ष महोदय, यसै गाउँसभाको अघिल्लो बैठकमा श्रदेय अध्यक्षले पेश गरेको नीति तथा कार्यक्रम र मैले पेश गरेको विभिन्न क्षेत्रगत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कुल रु.२६ करोड १४ लाख ६७ हजार  आवश्यक पर्ने अनुमान गरिएको छ । सो खर्च अनुमान मध्ये नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तर्फको चालु खर्च समेत गरी चालु खर्च तर्फ रु.१६ करोड ४८ लाख ६७ हजार ७ र पूँजीगत तर्फ रु.९ करोड ६६ लाख  खर्च हुने अनुमान गरेको छु । यस्ता खर्चहरुको शिर्षकहरुमा निर्दिष्ट गरी शिर्षकगत विवरण अनुसूचीहरुमा यसैसाथ पेश गरेको छु ।

यसरी विनियोजन हुने खर्च व्यहोर्नका लागि देहाय बमोजिमको स्रोत प्राप्तिको अनुमान गरेको छु ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम रु.७ करोड ४७ लाख ६३ हजार, नेपाल सरकार तथा प्रदेश सरकारबाट राजश्व बाडँफाँड वापत प्राप्त हुने रकम रु.५ करोड १७ लाख ६६ हजार, आन्तरिक कर र गैरकर राजश्वबाट रु ५० लाख र सर्शत अनुदान नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम रु ९ करोड ४१ लाख  ३ हजार  र  प्रदेश सरकारबाट समपुरक अनुदान वापत प्राप्त हुने रकम रु ६० लाख  र    विशेष अनुदान रु ४० लाख गरी कुल रु. २५ करोड २६ लाख ३२ हजार  प्राप्त हुने अनुमान गरेको छु । यसरी प्राप्त हुने स्रोत समेतबाट नपुग हुने रकम चालु आ.व. को विभिन्न शिर्षकबाट बचत हुने रकमबाट रु. ८८ लाख ३५ हजार गरी जम्मा वजेट रु  २६ करोड १४ लाख ६७ हजार  सञ्चीत

कोषबाट खर्च व्यहोरिने छ। विस्तृत कार्यक्रम तथा योजनाहरु अनुसुची १ देखि १० सम्म रहेका छन्।

अब म आगामी आर्थिक बर्षका लागि राजश्वका नीतिहरु प्रस्तुत गर्न चाहान्छु।

- गाउँपालिकामा आन्तरिक राजश्व प्राप्तिको अवस्था निकै कमजोर रहेकोले स्थानीय स्वशासन र आर्थिक आत्मनिर्भरता वृद्धिका लागि पालिकाको अधिकार क्षेत्र भित्रका करका आधारहरु फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीति अबलम्वन गरिनेछ।
- साविकमा करारोपण गरिएका केही करका दरहरुमा परिवर्तन गरिएको छ जस मध्ये
- सम्पति कर
- सामान्य घरको (काठले बनेको) रु २० बाट रु ५० पुऱ्याइएको छ।
- पक्की घरको (ढुङ्गा सिमेन्टले बनेको) रु १०० बाट रु १५० पऱ्याइएको छ।
- मालपोत दस्तुर
- न्यूनतम रु २० बाट रु ५० पऱ्याइएको छ ।
- प्रति रोपनि रु ३० बाट रु ५० पऱ्याइएको छ।
- धुपि निकासी कर प्रति के.जि. रु १० बाट रु २० पऱ्याइएको छ ।
- यार्सागुम्बा संकलन दस्तुर स्थानिय बाहेकका अन्य व्यक्तिहरुका लागि प्रति व्यक्ति १५०० पुऱ्याइएको छ। साथै यार्सागुम्बा संकलन ठेक्का वापतको रकमको लागि ६ प्रतिशत कर तोकिएको छ।
- व्यवसाय दर्ता रु ३५०० बाट रु ५००० पऱ्याइएको छ।
- व्यवसाय नविकरण चालु आ.व.को यथावत रहेको र जरिवाना प्रति वर्ष रु १० प्रतिशत तोकिएको छ।
- स्थानीय जनताहरु लाईृ समयमै कर बुझाउन तथा कर करले होइन रहरले तिरौं भन्ने बानीको विकास गर्न कर सचेतनाका कार्यक्रमहरु कार्यपालिका

सदस्यद्वारा संचालन गरी कर संकलन कार्यलाई सहज सरल बनाई नागरिकमैत्री कर प्रशासनमा जोड दिइने छ ।

सभाध्यक्ष महोदय,

- कर सम्बन्धि प्रस्ताव गरिएको आर्थिक विधयेक २०८१ तथा चालु तथा पूँजीगत खर्च समेत संलग्न गरिएको विनियोजन विधयेक २०८१ यसैसाथ प्रस्तृत गरेको छ । कर सम्बन्धि प्रस्ताव २०८१ श्रावण १ गतेदेखि लागू हुने व्यवस्था मिलाएको छु ।

अन्तमा, मैले आफ्नो कार्यकालको दोस्रो आ.व. २०८१/०८२ को माथि प्रस्तुत बजेट ,योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट यस मनाङ डिस्याङ गाउँपालिकाले आगामी आर्थिक वर्षमा शासकीय पद्धति र विकासको मार्गमा नयाँदिशा र गति लिनेछ भन्ने अपेक्षा गर्दै यसको सफल कार्यान्वयनमा सहयोग गरिदिनुहुन म सबै पक्षसँग हार्दिक अनुरोध गर्दछु । यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिकाका श्रदेय अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु,वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु,राष्ट्रसेवक कर्मचारी, समाजसेवी,नागरिक समाज लगायत सबै पक्षको सुझाव, सल्लाह र सहयोग प्रति हार्दिक आभार व्यक्त गर्दछु। बजेटको तयारीमा अहोरात्र खटिनुहुने गाउँपालिकाका सबै कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु र यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग मिल्ने विश्वास लिएको छु। साथै कार्यान्वयन पश्चात अर्थतन्त्रले गति लिने अपेक्षा गर्दछु ।
धन्यवाद ।

छिरिङ गुरुङ
उपाध्यक्ष
मनाङ डिस्याङ गाउँपालिका
हुम्डे, मनाङ ।
२०८१ असार १० गते